# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १२ नवम्बर २०२५
## समयः १८.५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- नयाँ दिल्लीको लाल किला नजिक भएको कार विस्फोटपछि राज्यभरि सुरक्षा एजेन्सीहरू द्वारा सतर्कता बढाइएको छ रेलवेदेखि होटलसम्म हरेक तहमा सघन खोजी अभियान जारी छ।

- दिल्ली लाल किल्ला विस्फोट मामिलामा पश्चिम बंगालसितको सम्बन्ध प्रकाशमा आएको छ।हाल सम्म 15 जनालाई पक्राउ गरिएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज लोक नायक जयप्रकाश नारायण अस्पतालमा दिल्ली विस्फोटमा घाइते भएकाहरूसित भेट गरि उनीहरुको स्वास्थ स्थिति बारे जानकारी लिनु भयो।

- इन्टरलोक्युटर समक्ष सबै राजनैतिक दल, संघ संस्थाहरूको एउटै आवाज रहनु पर्छ भन्ने इण्डियन गोर्खा जन शक्ति फ्रण्टले आह्वान गरेको छ।
- **आज लोक सेवा प्रसारण दिवस हो।**

**<u>बंगाल सुरक्षा</u>**

दिल्लीमा भएको कार बम विस्फोटपछि देशभरिका सुरक्षा एजेन्सीहरू सतर्क भएका छन्। पश्चिम बंगालमा, रेलवे र शहर पुलिसले पनि सतर्कता बढाएको छ।आज बिहानदेखि नै आरपीएफ र जीआरपीको संयुक्त टीमले डग स्क्वाड र बम स्क्वाडको सहयोगमा बांकुरा रेलवे स्टेशनमा सघन खोजी अभियान चलायो।स्टेशन परिसर, प्लेटफर्म, पार्सल कार्यालय र पार्किङ क्षेत्रमा रहेका प्रत्येक सवारी साधन र सामानको बिस्तारसित जाँच गरियो।यात्रीहरूको झोला र रेलका प्रत्येक कोचको पनि स्नीफर डग्सको मददले तलाशी गरिएको थियो।अधिकारीहरू अनुसार, उच्च आदेश अन्तर्गत, यो खोजी अभियान हाल जारी रहनेछ। दिल्ली बम विस्फोटपछि कोलकातामा, लालबजार (कोलकाता पुलिस मुख्यालय) ले पनि आफ्नो सतर्कता बढाएको छ। सबै पुलिस चौकी र ट्राफिक गार्डहरूलाई नाका चेकिङ बढाउन निर्देश दिइएको छ। आज बिहान पुलिसले पार्क स्ट्रिट लगायत शहरका विभिन्न क्षेत्रमा रहेका होटलहरूमा छापा मारेर त्यहाँ बसेका मानिसहरु बारे पूर्ण जानकारी सङ्कलन गरेको थियो। । होटलको रेकर्ड र रजिस्टरहरू पनि जाँच गरियो। दिल्ली विस्फोटपछि राज्यभरि सुरक्षा बलको सतर्कता बढाइएको छ र रेलवेदेखि होटलसम्म हरेक तहमा सघन खोजी अभियान जारी छ।

**<u>एनआईए टीम</u>**

दिल्ली लाल किल्ला विस्फोट मामिलामा पश्चिम बंगालसितको सम्बन्ध प्रकाशमा आएको छ। विस्फोट भएको 48 घण्टा भित्र राष्ट्रिय जांच एजेन्सी (एनआईए) को एक टोली आज दिउँसो मुर्शिदाबाद जिल्लाको नवग्राम पुगेको थियो।सुत्रहरु अनुसार दिल्ली विस्फोट प्रकरणमा पक्राउ परेका संदिग्धहरूसित सोधपुछ गर्दा भेटिएको फोन नम्बरको सुरागको आधारमा एजेन्सी बंगाल पुगेको हो। आज बिहान, एनआईए टोलीले नवग्राम पुलिस चौकी अन्तर्गत नीम गाउँमा छापा मारेको थियो। जांचकर्ताहरू मौइनुल हसन नामक व्यक्तिको घरमा गएर सोधपुछ गरे।सुत्रहरु अनुसार मौइनुल हसन पेशाले एक प्रवासी मजदुर हो, जसले पहिले दिल्ली र मुम्बईमा काम गरेका थिए।जाँच एजेन्सीले त्यस समयमा उसको केही

आतंकवादी संगठनका सदस्यहरूसित सम्पर्क भएको आशंका गरेको छ।मौइनुल मात्र नभई मुर्शिदाबादका अन्य धेरै व्यक्तिहरूको नाम पनि जाँच एजेन्सीको रडारमा रहेको खबर छ।यसैबीच, लाल किल्ला विस्फोट प्रकरणमा अहिलेसम्म 15 जनालाई पक्राउ गरिएको छ।

**प्रधानमंत्री एलएनजेपी अस्पताल**

प्रधानमन्त्री नरेन्द्र मोदी आज लोक नायक जयप्रकाश नारायण अस्पताल  जानुभयो  र सोमबार दिल्लीमा भएको विस्फोटमा घाइते भएकाहरूसित भेट गर्नुभयो। प्रधानमन्त्री भुटानको दुई दिनको भ्रमण समाप्त गरेपछि विमानस्थलबाट सिधै अस्पताल पुग्नुभएको थियो।प्रधानमन्त्रीले घाइतेहरूसित कुराकानी गर्नुभयो र उनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो। अस्पतालका डाक्टरहरू तथा वरिष्ठ अधिकारीहरूले उहाँलाई घाईतेहरुको बारेमा जानकारी गराउनु भयो।सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले यस षड्यन्त्रमा समेल मानिसहरुलाई छोडिने छैन भन्नुभएको छ।

**इण्डियन गोर्खा जन शक्ति फ्रण्ट**

इन्टरलोक्युटर समक्ष सबै राजनैतिक दल, संघ संस्थाहरूको एउटै आवाज रहनु पर्छ भन्ने इण्डियन गोर्खा जन शक्ति फ्रण्टले आह्वान गरेको छ। इन्डियन गोर्खा जनशक्ति फ्रन्टका कमल शर्माले आज एक भिडियो जारी गरेर पहाड तराई डुवर्स तथा गोर्खाहरूको समस्या बुझ्न इन्टरलोक्युटर सिंह चाँडै पहाड तराई डुवर्स आउने भएका छन् अनि यहाँको राजनैतिक दलहरूदेखि लिएर संघ संस्थाहरूसँग भेटेर कुराकानी गर्ने भएको बताएका छन्। इण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रीय कार्यकारिणी समितिको बैठकले पूर्व आईपीएस अधिकारी नर्बु छिरिङ, पूर्व सभासद प्रकाश गुरूङ, कमल शर्मा र फिन्जो वाङगेल गुरूङ यी चार जनाको टीम तयार गरेको पनि तिनले बताएका छन्।

**डायलाइसि मसिन**

जलपाईगुडी मेडिकल कलेज अन्तर्गत सदर अस्पतालमा आजदेखि पाँचवटा नयाँ डायलिसिस मशीनहरू सञ्चालनमा ल्याइएको छ।अब किडनी रोगबाट पीडित बिरामीहरूले नियमित र निर्बाध डायलाइसिसको सुविधा पाउन सक्नेछन्। यस अघि अस्पतालमा रहेका डायलाइसिस मसिनहरू धेरै पुराना थिए र प्रायः खराब हुन्थ्यो।जसका कारण बिरामीहरूले ठूलो समस्या भोग्नुपरेको थियो। धेरै पटक उपचार बिना नै फर्कनु पर्थ्यो। अस्पतालका सुपरिटेन्डेन्ट कल्याण खानले नयाँ मेसिनहरू आउनाले अब डायलाइसिस सुविधा लगातार र कुनै अवरोध बिना प्रदान गर्न सकिने बताउनु भएको छ।

**गोर्खाल्याण्ड एक्टीभिष्ट समूह**

गोर्खाल्याण्ड गठनको विषयमा विमर्श गर्न गोर्खाल्याण्ड एक्टीभिष्ट समूहको पहलमा सर्वभारतीय स्तरका गोर्खाहरुको संघ संस्थाका प्रतिनिधिहरुलाई लिएर आगामी २२ अनि २३ नोभेम्बर २०२५ को दिन दिल्लीमा "गोर्खा न्यासनल एसेम्ब्ली" को आयोजना गरिने समूहका संयोजक किशोर प्रधान अनि नारी अभियन्ता बिन्ध्या डुक्पाले मिडिया मार्फत जानकारी गराएका छन्। साथै कार्यक्रमलाई सफल तुल्याउन सर्वभारतीय गोर्खाहरुबाट आर्थिक एवम् बौद्धिक सहभागिताको पनि अपेक्षा राखेको बताइएको छ।

**दार्जिलिङ छापा**

दार्जिलिङ नगरपालिका, जीएसटी विभाग, वाणिज्य संघ र खाद्य सुरक्षा विभागको संयुक्त पहलमा आज दार्जिलिङ शहर क्षेत्र वरपरका बेकरी पसलहरूमा व्यापक छापा मारिएको छ। यो नियमित छापा खानेकुराको गुणस्तर र म्याद समाप्त हुने मिति जाँच र अनुगमन गर्न गरिएको हो।आजको छापामा केही शंकास्पद र गम्भीर केही फेला नपरेको जानकारी दार्जिलिङ नगरपालिकाका लाइसेन्स विभागका अधिकारी आबेद अलीले दिएका छन्।

## शेडुप धारगेलिङ गुम्बामा विशेष पूजाआर्चना

ल्हाबाब दुछेनको पावन अवसरमा खरसाङ शेर्पा बस्तीस्थित शेडुप धारगेलिङ गुम्बामा विशेष पूजाआर्चना तथा धार्मिक कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो।
यस अवसरमा ल्हाबाब दुछेनको धार्मिक कार्यक्रमसँगै गुम्बाको स्थापना दिवस पनि उल्लासपूर्वक मनाइएको थियो। कार्यक्रममा स्थानीय श्रद्धालु, लामाजन, समाजसेवी तथा संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमको अर्को ऐतिहासिक तथा हर्षको पक्ष स्वरूप आजकै दिन यस शेर्पा बस्ती बसाल्नुभएका स्वतन्त्र सेनानी एवम् शेर्पा समुदायका अग्रज स्व. सावित्री देवीको सालिकको शिलान्यास कार्यक्रम पनि सम्पन्न गरियो।यस कार्यक्रमको मुख्य आयोजक खर्साङ शेर्पा बुद्धिष्ट एसोसिएसन रहेको थियो।

## मिरिक फुटबल टुर्नामेन्ट

मिरिक, नवजागरण समाज पहिला गाउँ मिरिक बस्तीको आयोजनामा गत केही दिनदेखि सञ्चालन हुँदै आएको ‘लेट शान्ता लामा मेमोरियल च्यालेन्ज शिल्ड फुटबल टुर्नामेन्ट (मिनी पोस्ट)’ अब अन्तिम चरणमा पुगेको छ।
नवजागरण समाज पहिला गाउँ मिरिक बस्तीले हिजो कार्यकारिणी समिति बैठक बसेर निर्णय गर्दै टुर्नामेन्टको फाइनल खेल आगामी आइतबारको दिन खेलाइने जनाएको छ।आयोजक समाजले फाइनल खेल ढिलो भएकोमा सम्पूर्ण खेल प्रेमी, सहभागी टोलीहरू र स्थानीय बासिन्दासँग क्षमायाचना गर्दै आगामी आइतबार हुने उक्त फाइनल खेलमा सबै फुटबल प्रेमी दर्शकहरूलाई उपस्थित भई खेलको आनन्द लिन हार्दिक अनुरोध गरेको छ।

## लोक सेवा प्रसारण दिवस

आज लोक सेवा प्रसारण दिवस हो। यहो दिवस प्रतेक वर्ष 12 नोबेम्बरको दिन राष्ट्रपिता महात्मा गांधी द्वारी नयाँ दिल्ली स्थित आकाशवाणीबाट दिनु भएको ऐतिहासिक संबोधनको उपलक्ष्यमां मनाईने गरिन्छ।

बाईट महात्मा गांधी

*प्रसारणको इतिहासमा आजको दिन यस्तो ऐतिहासिक दिवस हो जब राष्ट्रपिता महात्मा गान्धीले 1947 मा दिल्ली स्थित प्रसारण भवनको प्रसारण पहिलो र एक मात्र भ्रमण गर्नुभएको थियो ।गान्धीजीले दीपावलीमा एक विशेष प्रसारणको माध्यमले पाकिस्तानमा विस्थापित र कुरुक्षेत्रमा बसोबास गरिरहेका शोक सन्तप्त भारतीयहरूलाई सम्बोधन गर्नुभएको थियो।*

*मार्च 2023 मा, प्रधानमन्त्री नरेन्द्र मोदीको मासिक सम्बोधन मन की बातको 100 औं एपिसोडको अवसरमा, आकाशवाणीले त्यस स्टुडियोलाई बापू स्टुडियोको रूपमा लोकार्पित गरेको थियो।लोक सेवा प्रसारण दिवस, प्रसारकहरूलाई राष्ट्रपिता महात्मा गान्धीको आदर्श र शिक्षालाई देशको हरेक कुनामा पुऱ्याउन प्रेरित गर्दछ।*